श्री
☎ ०८८-४१३०८२
# रुकुमकोट जिल्ला अदालत
## रूकुम, (पूर्वी-भाग)
प्रशासन शाखा
प.सं. ०७७/०७८
च.नं.

मिति:२०७८/०१/२९

## सेवा संकुचन/स्थगन सम्बन्धी सूचना

नेपाल लगायत विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (Covid-19) नयाँ भेरियन्टको प्रकोप यस रुकुमकोट (रुकुम पूर्व) जिल्लामा समेत दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय रुकुमकोटबाट मिति २०७८/०१/२९ मा आदेश जारी गरी मिति २०७८/०१/२९ गतेको रातको १२:०० बजेदेखि लागु हुने गरी २०७८/०२/०५ गते राती १२:०० बजेसम्म रुकुम पूर्व जिल्ला भित्र अत्यावश्यक सेवा बाहेकका सार्वजनिक यातायातका साधन चलाउन नपाइने गरी आदेश जारी भएको र नेपाल सरकारले मिति २०७८/०१/०६ मा जनस्वास्थ्य सम्बन्धी विभिन्न मापदण्ड सहित जारी गरेको आदेश, सम्मानित सर्वोच्च अदालतको मिति २०७८/०१/१४ गतेको निर्णय, एवम् यस अदालत, बार र सरकारी वकील समेतको मिति २०७८/०१/२९ गते बसेको बैठकको निर्णय समेतको आधारमा संभावित संक्रमणको जोखिमबाट अदालतका कर्मचारी, सेवाग्राही, कानून व्यवसायी तथा सरोकारवाला सबैको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी मिति २०७८/०१/२९ गतेदेखि लागु हुने गरी मिति २०७८/०२/०५ गते सम्म स्वास्थ्य सुरक्षा सर्तकताको मापदण्ड पालना गरी/गराई देहायमा उल्लिखित बाहेक यस अदालतबाट प्रवाह हुने अन्य सेवाहरु कटौती/स्थगन गरिएको बेहोरा सम्पूर्ण कानून व्यवसायी, सेवाग्राही तथा सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ।

*देहाय:*

१. बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञासँग सम्बन्धित रिट तथा निवदेन दर्ता र सुनुवाइ गर्ने ।
२. अभियुक्तलाई हिरासतमा राख्न म्याद थप, पक्राउ पूर्जी, जरुरी पक्राउ पूर्जी स्वीकृती र अनुमति एवम् कल डिटेल (CDR) सम्बन्धी अनुमति प्रदान गर्ने।
३. सरकारवादी फौजदारी मुद्दाहरुको अभियोग पत्र दर्ता, प्रतिवादीको बयान र थुनछेक आदेश सम्बन्धी कार्य गर्ने।
४. प्रहरी कार्यालयद्वारा पक्राउ गरी ल्याएका फरार प्रतिवादीहरुको बयान तथा थुनछेक आदेश गर्ने।

Email:-admin.dcpurbirukum@supremecourt.gov.np

५. घरेलु हिंसा तथा यौन दुर्व्यवहार सम्बन्धी मुद्दाको फिराद पत्र दर्ता, अन्तरकालीन आदेश र सो उपरको सुनुवाई गर्ने।
६. मुद्दा मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली र कसूर ठहर भई सजाय निर्धारण बाँकी मुद्दाहरुको कारबाही र सुनुवाई गर्ने।
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ नं. अन्तर्गतका निवेदनहरुको दर्ता र सुनुवाइ गर्ने।

पुनश्चः- सेवा प्रवाह संकुचन भएका अवधिका पेशीमा चढेका मुद्दा स्वतः स्थगन हुने र मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने ।

कोभिड-१९ को जोखिम बढ्न गई सम्मानित सर्वोच्च अदालतबाट हुने थप निर्णय, नेपाल सरकारबाट हुने निर्णय/आदेश एवम् जिल्ला प्रशासन कार्यालय, रुकुमकोटबाट निषेधाज्ञाको समयावधि थप भएमा यस अदालतको सेवा प्रवाहमा भएको संकुचन/स्थगनमा समेत सोही अनुसार समयावधि थप भएको मानिने छ।

........................
श्रेस्तेदार

श्रेस्तेदार
शाखा अधिकृत

**स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गरौं !**
**भिडभाड नगरौं, भौतिक दुरी कायम गरौं !!**
**आफु पनि बचौं र अरुलाइ पनि बचाऔं !!!**